# ११

# सत्य र आत्माद्वारा आराधना

*__यस अध्यायको निम्ति पढ्नुहोस्:__* व्यवस्था ११:१६, लूका १:४६-५५, लूका ४:५-८, लूका १९:३७-४०, यूहन्ना ४:१-२४।

*__स्मरण गर्नुपर्ने पद:__* “तर अब नयाँ समय आइरहेको छ। साँच्चिकै भनौं भने त्यो समय अहिले नै यहाँ आइपुगिसकेको छ। सत्य उपासकहरूले परमेश्वर पितालाई सत्यमा र आत्मामा आराधना गरिनेछ। यस्तै खालका उपासकहरूलाई परमेश्वर पिता खोजिरहनुभएको छ।" (यूहन्ना ४:२३)।

“अनन्त जीवनको सुसमाचार प्रचार गर" भनेर प्रकाश १४ अध्यायमा उल्लेखित प्रथम स्वर्गदूतको आह्वानलाई यस अध्ययन पुस्तिकाको मूल बिषयवस्तु बनाएका थियौं। त्यस सुसमाचारको केन्द्र येशू ख्रीष्ट जो कि विश्वको इतिहासमा केवल एक जना मात्र परमेश्वर-मानिस हुनुहुन्छ। उहाँ सनातनका परमेश्वर हुनुहुन्छ, यद्यपि उहाँ हाम्रो यस संसारमा मानव चोलाको अवतार लिएर आउनुभयो। परमेश्वर कसरी मानिस हुनुभयो भन्ने आत्मज्ञानको रहस्यलाई भौतिक जीवनमा अलमलिरहेको हाम्रो दिमागले बुझ्न सुरू पनि गर्न सक्दैनौं। (अथक प्रयासद्वारा मानिस भगवान हुन पुगेको कुरालाई बुझ्न त सकिन्छ होला तर परमेश्वर नै मानिस कसरी हुनुभयो भन्ने कुरा बुझ्न हाम्रो समझसक्तिले भ्याउने कुरा होइन)।

यसको अर्थ के हो, सो बुझ्न कोशिष गर्नुहोस्। यस संसारमा भएका यावत थोकहरूलाई सृष्टि गर्ने येशू नै परमेश्वर हुनुहुन्थ्यो (यूहन्ना १:१-३)। आफूले नै सृष्टि गर्नुभएको मानिसको अवतार लिएर उहाँ आउनुभयो। अनि मानिस भएता पनि उहाँ पापरहित जीवन व्यतित गर्नुभयो। अनि उहाँ आफ्नै राजीखुशीले आफूलाई सम्पूर्ण मानिसको निम्ति बलिदान हुन सुम्पन्नु भयो। यस जगतको अथाह आकारलाई

सोच्नुहोस्। त्यहाँ खरबौं नक्षत्र तथा आकाश गंगाहरू छन्। अनि ती प्रत्येक नक्षत्रहरूमा खरबौं ताराहरू छन्। (त्यस बीचमा हाम्रो पृथ्वी समुद्रको बालुवाको केवल एक कण मात्र हुन् भनेर अमेरिकाका प्रशिद्ध खगोलशास्त्री कार्ल सेगानले भनेको थिए)। ती यावत आकाशगंगा वा नक्षत्रहरू येशूले नै सृष्टि गर्नुभएको थियो भन्ने  कुरामा के तपाईं विश्वास गर्न सक्नुहुन्छ? यो कुनै पनि साधारण मानिस वा असाधारण वैज्ञानिकको दिमागले बुझ्न सक्ने कुरो होइन। यो यस्तो चकित पार्ने बिषयवस्तु हो, जुन हाम्रो दिमागले कहिले पनि बुझ्न सक्दैन। त्यहि कुरालाई आश्चर्य मानेर पावलले लेखेका थिए: "पतित हुन र मृत्युलाई अंगाल्न मन पराएकाहरूको निम्ति परमेश्वरको सुसमाचार मूर्खता हो। तर मुक्ति पाएका हामीहरूको निम्ति यो परमेश्वरको शक्ति हो" (१ कोरन्थी १:१८ रूपान्तरित)।

यस्तो अपार सत्य हामीहरूको बीचमा भएकै कारणले सृष्टिकर्ता परमेश्वरको उपासना गर्ने मनस्थिति बोक्नुपर्दा छक्क पर्नुपर्ने कुरो होइन। जब येशू यस संसारमा मानिसको अवतार लिनु भयो, त्यस बखत उहाँले गर्नुभएको सेवाकार्यमा आराधना र स्तुति-प्रशंसा कसरी समावेश भएका थिए भन्ने विषयवस्तु यस अध्यायमा हेर्नेछौं। उहाँ त्यहि सृष्टिकर्ता हुनुहुन्छ जुन आफैले सृष्टि गर्नुभएको मानिसको हाडछालाको जीवन लिएर आउनुभयो।

## १. मरियमले गाएकी स्तुती र उपासनाको भजन (लूका १:४६-५५)

धार्मिक क्षेत्रमा येशूकी आमा मरियमको विषयमा सयौं बर्षसम्म तर्कवितर्क भइरहेको हामी पाउँछौं। तर प्रायजसो ती तर्क र वितर्कहरू बाइबलमा आधारित नभएको पनि हामी पाउँछौं।

यद्यपि, येशू यस संसारमा मानव चोला लिएर आउने प्रक्रियामा मरियमले अत्यन्त उल्लेखनीय भूमिका खेलेकी थिइन्। उनको गर्भमा अचम्म किसिमले संसारको मुक्तिदाताले बास बस्नुभएको थियो। त्यहि गर्भमा बच्चा येशू हुर्कनु भएको थियो। नयाँ करारमा प्रकाश गरिएका येशूको जन्मको बारेमा दिइएको अचम्मको विवरणले हामी चकित

हुनुको विकल्प अरू छैन। आफू एक अचम्मको घट्नाको पात्र बन्न गइरहेको कुरा मरियमलाई थाहा थियो। फेरि त्यस घट्नाले आफ्ना मानिसहरूको बीचमा अत्यन्त उल्लेखनिय भूमिका खेल्नेछ भन्ने कुरालाई पनि उनले स्वीकार गरेकी थिइ। तर त्यो घट्ना कस्तो बिशाल थियो भन्ने कुरा युवती मरियमले जानेकि थिइन। तर जति उनलाई थाहा थियो, त्यसले उनको जीवन परिवर्तन गर्न यथेष्ट प्रमाण थियो, चाहे त्यो थोरै मात्र किन नहोस्।

लूका १:४६-५५ पढ्नुहोस्। यो प्रायजसो मरियमको स्तुति-श्लोक भनेर कहालाइन्छ। यस भजनको पृष्ठभूमि के थियो। मरियमले यो गीत किन गाउन पुगिन्? उपासना गर्दा भजनले कस्तो भाग खेल्दछ भनेर यसले कसरी देखाएको छ? यहाँ के बिषयवस्तु उल्लेख गरेको छ जुन् यस अध्ययन पुस्तिकामा बारम्वार औंल्याइको छ?

परमप्रभु परमेश्वरको उपासक भएको हैशियतले मरियमले गाएकी यस स्तुति-प्रशंसामा पुरानो करारका धारणा र शव्दचित्रहरूले भरिएको हामी पाउँछौं। उनलाई केवल पुरानो करार बाइबल वा धर्मशास्त्रमात्र थाहा थियो। यहाँ परमेश्वरलाई स्तुति, महिमा र आदर उनले चढाएकी थिइन्। आफ्नो र आफ्ना जनहरूको जीवनलाई परमेश्वरले अगुवाइ गर्नुभएकोले त्यसको सम्मान गर्दै उहाँको प्रशंसा उनले गरेकी थिइन्। अब्रहामको नाउँ लिन्दा आफ्ना जनहरूलाई परमेश्वरले गर्नुभएको करारलाई उनले औंल्याइकि थिइन्। ती जनहरूलाई गरेको प्रतिज्ञाहरूलाई लिएर परमेश्वरको प्रशंसा उनले गरेकी थिइन्। परमेश्वरका ती वाचाहरू उनको आशाका किरण थिए। अनि त्यहि प्रतिज्ञाहरूले उनका जनहरूलाई भविष्यको निम्ति आशा प्रदान गरिएको थियो।

आश्चर्य तरिकाले आफ्नो गर्भमा रहेको बालकको बारेमा सम्पूर्ण कुराहरू उनले बुझेकी थिइनन्। तर परमेश्वरको क्रियाकलाप हो भनेर जान्न उनलाई प्रशस्त प्रमाण थियो। यसको निम्ति उनि अत्यन्त कृतज्ञ भएकी थिइन्। यहि आधारमा उनले परमेश्वरको उपासक बन्न मद्दत मिलेको थियो।

तपाईंकै जीवनमा कत्तिको आश्चर्य काम भएको तपाईंले पाउनु भएको छ? अर्थात् के तपाईं परमेश्वरको सदाशयको अनुभूत हुन,

अचम्मको कामलाई पहिल्याउन र अगुवाईप्रति बुझ्न नचाहन आफ्नो हृदयलाई कठोर बनाउनुभएको छ? के तपाईं आफूलाई यस्तो परिवन्धमा पार्नुभएको छ जसले परमेश्वरको आवश्यकतालाई अनावश्यक ठान्दछ?

## २. आराधना गर्नु र सेवा गर्नु (लूका ४:५-८)

४० दिनको उपबास, भोकले रन्थनुभएको, थकितले पेलान हुनुभएको र कष्टले अड्डा जमाएको येशूले अब सैतानको प्रलोभन र परिक्षाको घेराको सामना गर्नु परेको थियो। सैतानले येशूलाई यस विश्वका राज्य र सभ्यताका यश, पराक्रम लोभलाग्दो तरिकाले देखाएका थिए। संसारलाई आफ्नो कव्जामा लिन महा कष्ट भोग्न अनावश्यक भएको सैतानले उहाँलाई सुझाव दिएको थियो (लूका ४:५-८ पढ्नुहोस्)। यस संसारमा भएका मानव आविश्कार र मानव निर्मित महिमाहरू आकर्षित बनाउन सैतान निपूण भएको थियो। मानिसहरू ती कुराहरूमा फस्यो भने कस्तो आनन्द मिल्दछ भनेर सिकाउनमा सैतान अत्यन्त दक्ष्य गुरू भएको थियो। यसै कारण मानिसहरू चेतनालाई पन्छाएर संसारका वर्तमान लालसा वा प्रलोभनमा सजिलैसँग छिट्टै फसेको हामी पाउँछौं।

“उपासना वा आराधना" र “सेवा" भन्ने क्रियापदहरूलाई येशूले एक्कै ठाउँमा जोड्नुभएको थियो। लूका ४:५-८मा उल्लेखित येशूका ती भावनाहरूका अर्थ के हो? एक आपसको सम्बन्ध ती दुईमा के छ?

मानव निर्मित तथा मानव धर्मले आविश्कार गरेका देवीदेवताहरूको आराधना र सेवा गर्ने चर्तिकलालाई पुरानो करारभरि उल्लेख गरेको हामी पाउँछौं। परम प्रभु सनातन तथा सृष्टिकर्ता परमेश्वर बाहेक मानिसको मुद्रालाई प्रतिविम्व गर्ने अरू देविदेवताहरू खोतो हुन् र तिनीहरूको सेवा र उपासना गर्नु झुठको खेती गर्नु हो भनेर बाइबलले जताततै उल्लेख गरेको हामी पाउँछौं (उदाहरणमा हेर्नुहोस्ः व्यवस्था ४:१९, ११:१६, भजन ९७:७, दानियल ३:१२ आदि)। तपाईं कसको उपासना गर्नुहुन्छ त्यसको सेवा गर्नुहुन्छ। त्यसकारण केवल सनातन परमेश्वरको मात्र आराधना गर्नु कत्तिको महत्त्वपूर्ण छ भन्ने धारणालाई के तपाईंले आत्मसात् गर्नुभएको छ?

यसले आराधनाको बारेमा अत्यन्त जल्दोबल्दो महत्त्वपूर्ण बिषयलाई औंल्याएको हामी पाउँछौं। कोहि मानिस परमप्रभु परमेश्वरप्रति अत्यन्त आस्थावान हुन्छ, उहाँलाई प्रेम गर्छ, आफ्नो जीवनलाई उहाँलाई सुम्पन्छ र श्रद्धा गर्दछ भने त्यसले फेरि असत्य देवीदेवताहरूको पनि सेवा गर्दो रहेछ भन्ने कुरा अकल्पनिय हुन आउँछ। परमेश्वरको मात्रै उपासक बन्नाले मानव निर्मित मुर्तीलाई पूजा गर्नबाट हामीलाई सुरक्षित राख्दछ। जति हामी परमेश्वरको परम भक्त हुँदै उहाँको उपासना र सेवा गर्दछौं त्यत्ति हामीलाई मानव निर्मित देवीदेवताहरूका मुर्तीहरू मात्र होइन, आफूलाई नै भगवान ठानेर पूजा गर्ने, स्वार्थ जीवनमा तल्लित हुने, पापको दायरामा फस्ने र दुष्ट शक्तिहरूको परिवन्धमा पर्नेबाट हामी सुरक्षित हुनसक्दछौं।

यस तर्कलाई अझ गहिरिएर हेर्नुहोस्ः जसको पूजा हामी गर्दछौं त्यसको सेवा स्वत हामी गर्दछौं। यस सिद्धान्तलाई तपाईंको जीवनमा के अनुभव गर्नुभएको छ? तपाईंले गर्ने उपासनाले केवल परमेश्वरप्रति मात्र दृष्टिगत गरिरहन के उपायहरू अपनाउन सक्नुहुन्छ?

## ३. आफूले नचिनेको वा थाहा नभएको तत्वलाई आराधना गर्ने संस्कार (यूहन्ना ४:१-२४)

परमेश्वरको नाउँमा एकलै भक्तको जीवन बिताएर कुनै बन्द कोठा वा गुफामा थुनेर बस्नु उहाँ इच्छा कदापी होइन। उपासकले गर्ने आराधनाको सेवाकार्य र चलनहरू केवल माध्यम मात्र हुन्, ती लक्ष्य होइनन्। तर प्रत्येक येशूभक्तको लक्ष्य भनेको यो होः शरीर, दिमाग र आत्मालाई सम्पूर्ण रितले उसको सृष्टिकर्ता र उद्धारकर्तालाई सुम्पनु। धार्मिक बिधि बिधानलाई पालन गर्नु अत्यन्त सजिलो हुनसक्दछ। बाहिरि रूपमा धर्मको पोशाक ओडेर सामाजिक तथा धार्मिक संस्कारमा सहभागी हुन सजिलो हुनसक्छ। तर दिनदिनै विश्वासद्वारा परमेश्वरमा आत्मसमर्पण गरेर उहाँकै अगुवाईमा चल्न निर्णय गर्नु त्यत्तिको सजिलो छैन। यहि तथ्यलाई मध्य नजर राखेर नै बाइबलले त्यस्ता मानिसहरूको भण्डाफोर गर्न अग्रसर भइरहेको हामी पाउँछौ जसको हृदय परमेश्वरसँग ठीक छैन। त्यो मानिसले गर्ने आराधना जत्तिसुकै उचित देखिएतापनि यदि उसको हृदय वा नियत

ठीक छैन वा परमेश्वरसम्म छैन भन्ने उसका सम्पूर्ण धार्मिक क्रियाकलाप केवल खोटो हुन जान्छ। मानिसको नियतलाई ठीक ठाउँमा ल्याउन बाइबलले बारम्बार प्रयास गरेको हामी पाउँछौं।

यस संसारमा येशू रहनुहुन्दा मानिसको आडम्वर चरित्रको सामना उहाँले गर्नुपरेको थियो। (देखावति धर्म आजको मात्र समस्या होइन, युगौ युगको समस्या हो)।

जब येशूले सामरी स्त्रीसँग वार्तालाब गर्नुभएको थियो, त्यस बेला उहाँले एक अत्यन्त उल्लेखनिय वचन व्यक्त गर्नुभएको थियो। त्यो यूहन्ना ४:२१मा उल्लेख गरिएको वचनको मर्म के हो? संसारको भौतिक संरचनालाई केन्द्रविन्दु बनाएर परमेश्वरको उपासना गर्नुको सट्टा अदृष्य परमेश्वरको उपासना कसरी गर्नुपर्छ भनेर येशूले त्यस स्त्रीलाई किन भन्नुभएको?

त्यस स्त्रीभित्र लुकिएका गहिरो रहस्यहरूलाई खोतलि येशूले उनको ध्यान आफ्नो बचनतिर आकर्षित गर्नुभएको थियो। त्यस समयमा उहाँले त्यस स्त्रीलाई उनमा भएको भन्दा उत्तम तत्वलाई औंल्याउनुभएको थियो। येशूले अत्यन्त प्रभावकारी वाक्यलाई प्रयोग गरि उनको ध्यानलाई आफूतिर खिँच्नुभएको थियो। उहाँले भन्नुभयो, "हे नारी, मलाई विश्वास गर"। आराधनाको स्थान र रितिथिति भन्दा परमेश्वरको आराधना सत्य रूपमा गर्नु अत्यन्त महत्त्वपूर्ण छ भनेर येशूले त्यस स्त्रीलाई बताउन चाहनुभएको थियो। "यो पहाड" भन्दा गेरिजिमको पहाड थियो जुन कि यहूदीहरूको प्रतिस्पर्धामा सामरीहरूले मन्दिर बनाएका थिए।

तर आफ्नो बातचितमा येशूले केवल परमेश्वरको आराधना गर्ने स्थललाई मात्र औंल्याएर रोक्नुभएन। आफ्नो वार्तालापमा आफैले पवित्र मन्दिर स्थापना गर्न चुन्नुभएको येरूशलेमलाई पनि येशूले समावेश गर्नुभएको थियो। त्यहाँ स्थापना गरिएको मन्दिरको बारेमा अघिल्लो प्रचारकार्यमा येशूले स्पष्टरूपमा उल्लेख गर्नुभएको थियो, "त्यस मन्दिरमा भएको एउटा ढुँगा पनि एक माथि अर्को हुनेछैन। त्यस मन्दिरलाई भत्काएर सबै ढुँगा तितर बितर पारिनेछ (मत्ती २४:२ रूपान्तरित)।" येशूले त्यस सामरी स्त्रीसँग जब कुराकानी गरिरहनुभएको थियो त्यस बेला उहाँले उनलाई "जीवित पानी" तिर

(यूहन्ना ४:१०) ध्यानआकर्षण गरिरहनुभएको थियो, जुन आफै हुनुहुन्थ्यो। सत्य आराधना वा उपासनाको मूल आधार नै सृष्टिकर्ता र मुक्तिदातासँग व्यक्तिगत सम्बन्ध राख्नु हो भनेर येशूले त्यस नारीलाई सिकाउन चाहनुभएको थियो। उनको आस्थालाई झल्काउन गरिने सेवाकार्य र अपनाउने विधिबिधान तथा रितिथिति भन्दा सत्य परमेश्वरलाई सत्यरूपमा उपासना गर्ने अत्यन्त उत्तम हुन्छ भन्ने आत्मज्ञान येशूले त्यस स्त्रीको मनमा राख्नुभएको थियो। यो पनि उहाँले औँल्याउन चाहनुभएको थियो कि उनको धर्मले यहूदीहरूले अपनाएका सत्य धर्म वा यह्वे परमेश्वरको उपासनाबाट तर्केर गएका थिए। आफैले स्थापना गर्नुभएको बलिप्रथा र पूजापाठ गर्ने चलनभन्दा परमेश्वरको उपासना गर्ने महत्त्वपूर्ण विधि अर्कै छ भनेर येरुशलेमको (यूहन्ना ४:२१) उदाहरण लिएर येशूले प्रमाणित गर्न खोज्नुभएको थियो।

तपाईंले गर्नुभएको वा गरिरहनुभएको परमेश्वरको उपासनालाई उहाँसँग अझ गहिरो सम्बन्ध राख्न के प्रक्रिया अपनाउनुपर्दछ? अर्थात् तपाईंको उपासना गर्ने सबै क्रियाकलापले परमेश्वरसँग गाढा सम्बन्ध राख्न कसरी मद्दत हुनसक्दछ?

## ४. सत्य उपासकहरू (यूहन्ना ४:२८)

परमेश्वरको उपासना गर्न संसारको भौतिक संरचनामा नअलमलिन  येशूले त्यस सामरी स्त्रीलाई औँल्याउनुभएको थियो। फेरि त्यसै समयमा यहूदी विश्वास उनको भन्दा सच्चा थियो भनेर पनि स्पष्ट पार्न येशू हिचकिचाउनुभएको थिएन। अनि येशूले सच्चा उपासकहरू को हो भनेर त्यस स्त्रीलाई व्याख्या गर्नुहुन्छ। उहाँले भन्नु हुन्छ, “समय आउँदैछ, जब मानिसहरू न त त्यस पहाड अर्थात् सामरीले पवित्र मानेको गेरजीम पहाड न त येरुशलेममा परमेश्वरको आराधना गर्नेछ (पद २१)। पद २३मा उहाँले भन्नुहुन्छ, “परमेश्वरका सबै सच्चा उपासकहरूले सत्य र आत्मामा आराधना गर्ने अहिले नै हो"(रूपान्तरित)। अर्को शव्दमा भन्ने हो भने विगतको किर्ती वा महिमामा फर्केर नहेर्नु। न त कुनै भविष्यमा हुने कुरामाथि भर पर्नु। बरू अहिले नै आराध्य परमेश्वरको उपासना गर्नुपर्दछ किनकि उहाँ त्यसको लागि योग्य हुनुहुन्छ। अनि यहि परमेश्वरप्रति सच्चा रूपमा

भक्तिभाव देखाएर उहाँको उपासना गर्दा मानिसहरूले उहाँले दिनुहुने प्रेम, अनुग्रह र मुक्तिको प्रत्याभूति पाउन सक्दछ।

सनातनका परम पिता परमेश्वरलाई सच्चा उपासकहरूले सत्य र आत्मा अर्थात् अध्यात्मिक भावनाले आराधना गर्नेछ भनेर येशूले भन्नुभएको थियो। यसको अर्थ के हो? अनि यस सत्यलाई आज हामीले हाम्रा आराधना गर्ने शैलीमा कसरी उतार्ने? यसै सन्दर्भम मर्कूस ७:६-९ पनि पढ्नुहोस्।

हामीले परमेश्वरको आराधना गर्दा कस्तो संतुलन अपनाउनुपर्छ भनेर येशूले गर्नुभएको आह्वान यहाँ हामी पाउँछौं। यस्तो खालको उपासना केवल भित्र इमान्दारी हृदय, परमेश्वरप्रतिको गाढा प्रेम र श्रद्धाबाट मात्र आउँदछ। भावुक भएर परमेश्वरको उपासना गर्नु गल्ती होइन। हाम्रो धर्मले परमेश्वरलाई माया गर्नु भनेर आह्वान गरिएको छ (१ यूहन्ना ५:२, मर्कूस १२:३०)। आत्मिय भावनाबाट छुट्टिएर परमेश्वरलाई हामीले प्रेम कसरी देखाउने?

फेरि त्यस वखत, उहाँका सच्चा उपासकहरूले उहाँलाई सत्यमा आराधना गर्नु भनेर परमेश्वरले आह्वान गर्नुभएको छ। परमेश्वरले आफ्नो इच्छा, सत्यता र उहाँको व्यवस्थालाई हाम्रो समक्ष राख्नु भएको छ। त्यो आत्मज्ञानलाई हामीले विश्वास गर्न र त्यसै अनुसार चल्न उहाँले अपेक्षा गर्नुभएको छ। परमेश्वरका सच्चा परम भक्तहरूले उहाँलाई प्रेम गर्दछ। त्यहि प्रेमले उत्प्रेरित भएर उहाँको सेवा गर्न अथक प्रयास गर्नेछ। उहाँका आज्ञाहरू मान्नेछन् र जे उचित छ त्यहि गर्नेछ। तर विश्वास, आज्ञाकारिता, मुक्ति आदिका सत्य आत्मज्ञानबिना कुन् ठीक कुन् बेठीक भनेर तिनीहरूले कसरी थाहा पाउने? धार्मिक सत्यहरू वा बाइबलमा विश्वास गर्नु वा त्यसको आत्मज्ञानहरू ग्रहण गर्नु त्यस्तो जरुरी छैन तर भित्री मनले मात्र परमेश्वरको उपासना गरे भइहाल्छ भन्ने धारणा सरासर गलत हो। ती तर्क केवल आत्मिक जीवनको आधा कथा मात्र हुन्। हो, परमेश्वरको वचनमा निपुण भयो भन्दैमा हामीले मुक्ति पाउँछ भन्ने होइन तर ती वचनहरूबाट मात्र परमेश्वरको चरित्रको सहि चित्र हामी पाउँदछौं। परमेश्वरको असली चरित्रको ज्ञानभयो भने उहाँको सेवा गर्न र उहाँलाई प्रेम गर्न धेरै तेवा मिल्दछ।

के तपाईंको आराधना, सत्यज्ञानबिना केवल जोशिलो मात्र छ वा सत्य ज्ञान थाहा छ तर आत्मिक छैन? आराधनाका ती दुवै तत्वहरूलाई तपाईंले संतुलनमा राखेर परमेश्वरको उपासना गर्न कसरी तत्परता देखाउने?

## ५. परमेश्वरको सामु शाष्टाङ्ग दण्डवत गरि उपासना गर्नु (मत्ती २:११)

सयौं वर्षको ईसाइ इतिहासमा येशूको परमेश्वरीय चरित्रको विषयलाई लिएर बादबिवाद भइरहेको हामी पाइरहेकाछौं। के उहाँ साँच्चिकै सनाताका परमेश्वर हुनुहुन्छ र? के उहाँ सुरूदेखि नै परमपिता परमेश्वरसँग एक हुनुभएको हो र? वा के उहाँ पछि सृष्टि भएको व्यक्ति हुनुहुन्छ र? के परमेश्वर पिताले उहाँलाई जीवन दिनुभएको हो र?

यस विषयमा हाम्रै सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको प्रारम्भिक इतिहासमा यस बिषयलाई लिएर केहि अन्यौलता छाएको थियो। तर धेरै वर्ष अघि नै एलेन जी ह्वाइटले यस विषयमा आफ्नो स्पष्ट धारणा राखेकि थिइ। उनकै धारणालाई आज हाम्रो चर्चले पूर्ण रूपमा स्विकार गरेको छः

"'उहाँको नाउँ इम्मानुयल राखिने छ, जसको अर्थ हो, परमेश्वर हामीहरूसँग।' 'येशूको अनुहारमा परमेश्वरको महिमाको ज्ञान चम्केको हुन्छ।' सुरूदेखि नै प्रभु येशू परम पिता परमेश्वरसँग एक हुनुहुन्थ्यो। उहाँ परमेश्वरको प्रतिरूप हुनुहुन्थ्यो। उहाँ महान् तेजस्वीमय र गौरवमय परमेश्वरको आकृति हुनुहुन्थ्यो। उहाँबाट परमेश्वरको महिमा चम्किरहन्थ्यो। त्यहि महिमालाई देखाउन उहाँ यस भौतिक पृथ्वीमा आउनुभएको थियो। पापले अन्धकार बनाइएको यस संसारमा उहाँ परमेश्वरको प्रेमको ज्योति चम्काउन आउनुभयो-परमेश्वर हामीहरूसित हुन आउनुभयो। यसैकारणले परमेश्वरका अगमवक्ताहरूले उहाँको बारेमा यो भविष्यवाणी गर्नुभएको थियो 'उहाँको नाउँ इम्मानुयल कहलाइनेछ जसको अर्थ परमेश्वर हामीहरूसित'"-द डिजायर अभ एजेज, पृ. १९बाट रूपान्तरित।

येशू नै परमेश्वर हुनुहुन्छ भनेर देहायका पदहरूले कसरी पुष्टि गर्दछन्: मत्ती २:११, ४:१०, ९:१८, २०:२०, मर्कूस ७:७, लूका २४:५२ र यूहन्ना ९:३८?

परमेश्वरमात्र आराधनाको योग्य हुनुहुन्छ भनेर येशूले सैतानलाई अत्यन्त स्पष्ट पार्नु भएको थियो (मत्ती ४:१०)। यसले माथिका पदहरूले देखाएका एक महत्त्वपूर्ण औंल्याउँछ: कसैले येशूलाई प्रभु भनेर ढोगेको थियो भने उहाँले त्यसलाई कहिल्यै पनि अश्विकार गर्नुभएन। जब मानिसहरूले उहाँको अगाडि साष्टाङ्ग दण्डवत गरेर ढोगे उहाँले किहल्यै पनि मेरो उपासना नगर, परमेश्वर पिताको मात्र आराधना गर भन्नुभएन। यथार्थमा भन्ने हो भने कतिपय समयमा मानिसहरूले उहाँलाई ढोग्न दिनुभयो जुन् परमेश्वरलेमात्र पाउने अधिकार थियो।

मानिसहरूले उहाँलाई प्रभु भनेर ढोग्दा फरिसी पण्डितहरूले घोर बिरोध गरेका थिए। त्यसको प्रत्युत्तरमा लूका १९:३७-४०मा उहाँले ती बिरोधी पण्डितहरूलाई दिएको जवाफले आफूलाई आराधना गर्ने मानिसहरूप्रति उहाँको मनोभाव कस्तो थियो भनेर देखाउँछ?

यस अध्ययन पुस्तिकाले बारम्वार औंल्याएको बिषयवस्तुलाई यहाँ फेरि स्पष्ट गर्न हामी चाहन्छौं: सारा आराधना वा उपासनाको केन्द्रविन्दु येशू नै हुनुपर्दछ। उहाँलाई नै दृष्टिगत गरि हाम्रो भक्तिभाव चढाउनुपर्दछ। प्रत्येक भजन तथा गीत, प्रत्येक प्रार्थना, प्रत्येक प्रवचन वा आराधनास्थल वा उपासना गर्ने बेलामा हाम्रा दिमागहरूलाई येशूतिर ध्यानाकर्षित गर्नुपर्दछ। हाम्रा पापहरूको निम्ति बलि हुन सुम्पनुभएको परमेश्वर-मानिस उहाँ नै हुनुहुन्छ। जब हामी हाम्रो प्रभुको आराधना गरेर बाहिरिन्दा हामीहरूको मनमा उहाँप्रति प्रेम, गहिरो श्रद्धा र निष्ठावानको छाप लाग्दछ त्यहि खालको आराधनादेखि येशू प्रशन्नहुनुहुन्छ।

## उपसंहार:

थप जानकारी: एलेन जी ह्वाइटद्वारा लिखित द डिजायर अभ एजेज्, पृ. १९-२६को “गड विथ अस" पढ्नुहोस्।

"कुनै पवित्र पहाड, पवित्र स्थल वा पवित्र मन्दिरमा पुजा गर्दैमा मानिसहरूलाई स्वर्गको नजिक ल्याउँदछ भन्ने छैन। परम्परालाई निरन्तरता दिने नाउँमा धार्मिक सेवाकार्य तथा बिधिलाई बाहिर देखाउने क्रियाकलापमा सिमित राख्नुहुन्न। जुन धर्म परमेश्वरबाट आउँछ त्यहि धर्मले मात्र परमप्रभु परमेश्वरतिर दोऱ्याउँछ। उहाँलाई उचित तरिकाबाट सेवा गर्न हामी पवित्र आत्माद्वारा जन्मिनु अत्यन्त आवश्यक छ। यसले हाम्रो हृदयलाई शुद्ध राख्दछ र हाम्रो दिमागलाई पुनर्जीवित पारिराख्दछ। यसले परमेश्वरलाई प्रेम गर्न र उहाँको बारेमा जान्न सामर्थ बनाउँछ। यसैले नै उहाँले दिनुभएको सबै निर्देशनलाई हार्दिकतासाथ पालन गर्न सघाउँदछ। यहि नै परमेश्वरलाई गरिने सच्चा आराधना वा उपासना हो। पवित्र आत्माले कस्तो काम गरिरहनुभएको छ भनेर देखाउने प्रमाण नै यस्तो खालको आराधनाले दिन्दछ।- एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. १८९बाट रूपान्तरित।

"येशू परमेश्वरको बराबरीमा हुनुहुन्छ। यद्यपि, उहाँ आफ्ना चेलाहरूको बीचमा सेवक भएर देखाउनुभयो।....प्रत्येक घुँडा उहाँको सामुन्ने निहुराउनुपर्दछ। जगतक सारा स्वर्गदूतहरूले उहाँको सेवा गर्न आफूलाई धन्यको ठान्दछ। यद्यपि, यो कस्तो अचम्भको अचम्भ, उहाँलाई प्रभु भन्नेहरूको गोडा धुन उहाँ निहुरनुभयो !" एलेन जी ह्वाइटद्वारा,द डिजायर अभ एजेज्, पृ. ६४९बाट रुपान्तरित।

**चिन्तनमनन:**

क. आफूलाई बाइबलका पण्डित भनेर धार्मिक अगुवाहरूले येशूको पालामा दावी गरेका थिए। तै पनि विश्वको इतिहासमा घटेको महान् आशचर्य कामलाई तिनीहरूले बुझ्न सकेनन्। त्यो गरिमामय काम थियो, मसिहको जन्म। फेरि त्यसैबेला पूर्वका ज्ञानी मानिसहरू उहाँलाई खोज्न ठीक समयमा ठीक ठाउँमा आए। आज हामी इसाई भनाउँदाहरूका निम्ति र चर्चका अग्रज भनाउँदाहरूका निम्ति त्यस कथाले कस्तो अर्थ हामीलाई प्रदान गर्दछ? (यो प्रश्न पश्चिमी मूलका इसाईहरूलाई सोधिएको हो)। जब अन्त्यको समयमा गरिएका

भविष्यवाणीहरू पूरा भइरहेको हामी पाउँछौं, हामीले पनि येशूको पालामा धार्मिक अगुवाहरूले गरेको गल्तीलाई नदोहऱ्याउन के गर्ने?

ख. येशू नै सनातनका परमेश्वर हुनुहुन्छ भन्ने तर्कलाई सोच्नुहोस्। हामीहरूको आस्था र आराधना गर्ने शैलीमा यो धारणले किन महत्त्वपूर्ण भूमिका खेल्दछ? यदि येशू नै पूर्ण परमेश्वर हुनुहुन्छ भनेर हामीले बुझ्न सकेनौं भने हामीले के गुमाइरहेका हुन्छौं?

ग येशूकी आमा मरियमको बारेमा सोच्नुहोस्। अचम्म तरिकाले जन्मनुभएको येशूको बारेमा उनको दिमागमा के खेलिरहेका होलान्? कत्ति कुराहरू उनले बुझेकी थिइनन् र कत्ति कुराहरू पचाउन उनलाई कस्तो असजिलो भएको होलान्। (उदाहरणमा बैवाहिक जीवनलाई सुरू नै नगरि दुई जीउ हुनुपर्दा उनलाई कस्तो कठिन महशूस भयो होला?)। तैपनि मरियमले परमेश्वरको प्रसंसा गर्न सकेकि थिइन्। उनमा कतिपय जीज्ञासाहरू थिए होलान्, उनको दिमागमा कतिपय पीडादायी बिचारहरूले अड्डा जमाएका होलान् र कतिपय अनिश्चित तथा थाहा नपाएका कुराहरूको भुमरीमा उनी परे होलान्। पुरुषप्रधान देश जहाँ नारीलाई दोस्रो दर्जामा राखिन्छ त्यस्तो देशमा पनि परमेश्वरलाई चिनेर उहाँले दिनुभएको जिम्मा सहर्ष स्विकार गरेर त्यस देशको संस्कारलाई चुनौति दिन राजी भएकी मरियमबाट हामी के सिक्नसक्दछौं? अनिश्चित र अज्ञानताको भुमरीमा पनि परमेश्वरको आराधना गर्ने र प्रशंसा गर्ने स्वभाव के हामीले मरियमबाट सिक्नसक्दैनौं र? अझ भन्ने हो भने के यस्तै अन्यौलताको वातावरणमा पर्दा नै परमेश्वरको आराधना गर्ने मनस्थितिलाई मजबुत बनाउने समय होइन र?